# बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली (दोस्रो संशोधन) ऐन, २०६६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा ४ मा संशोधन : बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा ४ को,-

(१) उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख) र (३ग) थपिएका छन् :-

"(३क) न्यायाधिकरणमा कार्यबोझ बढेमा नेपाल सरकारले सदस्य संख्या थप गर्न सक्नेछ।

(३ख) उपदफा (३क) बमोजिम सदस्य थपिएकोमा न्यायाधिकरणमा आवश्यकतानुसारका इजलास रहनेछन् र प्रत्येक इजलासमा कानून, बैङ्किङ्ग र लेखा सदस्य रहनेछन्।

(३ग) न्यायाधिकरणमा एकभन्दा बढी इजलास भएकोमा इजलास गठन गरी मुद्दा तोक्ने कार्य अध्यक्षले गर्नेछ ।”

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

“(४) न्यायाधिकरणको अध्यक्ष कानून सदस्य हुनेछ र एकभन्दा बढी संख्यामा कानून सदस्य भएको अवस्थामा न्यायाधिकरणमा पहिले नियुक्ति भएको कानून सदस्य, त्यस्तो कानून सदस्य अनुपस्थित भएमा अर्को कानून सदस्य र त्यस्तो कानून सदस्य नभएमा वा भए पनि अनुपस्थित भएमा पहिले नियुक्ति भएको बैङ्किङ्ग सदस्य र निज पनि अनुपस्थित भएमा उपस्थित भएको बैङ्किङ्ग सदस्य न्यायाधिकरणको अध्यक्ष हुनेछ ।”

प्रमाणीकरण मिति : २०६६/१०/१३